समाचार
# एडीबी नेपालबाट

www.adb.org/nrm
adbnrm@adb.org

एसियाली विकास बैंक (एडीबी) को नेपाल आवासीय
नियोगले प्रकाशित गर्ने त्रैमासिक समाचारपत्र

**श्रावण, २०६४**

# एडीबीको राष्ट्रिय कार्यक्रमका लागि साझेदारहरूसँग परामर्श

एसियाली विकास बैंक (एडीबी) को राष्ट्रिय कार्यक्रम टोलीले सन् २००८-२०१० का लागि प्रस्तावित सहायता कार्यक्रमका सम्बन्धमा सरकार, निजी क्षेत्रका संस्था, नागरिक समाज तथा अन्य विकास साझेदारहरूसँग २०६४ वैशाख ४ देखि १६ गतेसम्म परामर्श गऱ्यो ।

टोलीले पछिल्लो समय नेपालमा भएका राजनीतिक, आर्थिक तथा सामाजिक विकासहरू र त्यसले एडीबीका कार्यक्रममा पार्नसक्ने प्रभावको समीक्षा गर्नुका साथै द्वन्द्वपछिको पुनर्निर्माण र पुनर्स्थापनामा सरकारको प्रयासबारे छलफल गरेको थियो । उक्त अवसरमा २००८-२०१० का लागि ऋण तथा प्राविधिक सहायता कार्यक्रम र प्राथमिकताप्राप्त क्षेत्रमा सहमति भयो । टोलीले सरकारसँगका केही महत्वपूर्ण क्षेत्रगत तथा कार्यक्रमको कार्य-सम्पादनसँग सम्बन्धित मुद्दाहरूमा पनि छलफल गऱ्यो ।

टोलीले अन्य विकास साझेदारहरूसँग भेटेर उनीहरूबाट भइरहेको प्रयास र सहकार्यको अवसर बारे परामर्श गर्नुका साथै गैर-सरकारी संस्था तथा नागरिक समाजसँग एडीबीका कार्यक्रमहरूबारे छलफल गरेको थियो ।

एडीबीको दक्षिण एसिया विभागका उप-महानिर्देशक सुल्तान हफिज रहमान र एडीबी नेपाल आवासीय नियोगका राष्ट्रिय निर्देशक पल हाइटेन्स टोलीमा सहभागी हुनुहुन्थ्यो । नेपालमा रहँदा श्री रहमानले उपक्षेत्रीय समन्वयका लागि सरकार र दक्षिण एसिया क्षेत्रीय सहयोग संगठन (सार्क) सँग पनि छलफल गर्नुभयो । ■




**नागरिक समाजसँग परामर्श** विभिन्न गैर-सरकारी संस्थाका प्रतिनिधिहरू एडीबीको राष्ट्रिय कार्यक्रम टोलीसँग आफ्नो विचार व्यक्त गर्दै ।

# नेपालका लागि नयाँ राष्ट्रिय निर्देशक नियुक्त

पल जे. हाइटेन्स एडीबीको नेपाल आवासीय नियोगका राष्ट्रिय निर्देशक नियुक्त हुनुभएको छ । उहाँले २०६४ जेठ १ मा आफ्नो कार्यभार सम्हाल्नुभयो ।



पल जे. हाइटेन्स

राष्ट्रिय निर्देशकका रुपमा श्री हाइटेन्सले एडीबीद्वारा नेपालमा सञ्चालित सम्पूर्ण काम-कारबाहीहरू हेर्नुहुनेछ । उहाँले राष्ट्रिय रणनीति, कार्यक्रम तर्जुमा तथा कार्यान्वयन र क्षेत्रीय समन्वयका कार्यहरूमा नेपाल आवासीय नियोगको नेतृत्व गर्नुहुनेछ। नेपाललाई प्रदान गरिने ऋण सहायताको तर्जुमामा उहाँ र नियोगका अन्य कर्मचारीले प्रधान कार्यालयलाई सहयोग गर्नेछन् । सरकारसँग नीतिगत संवादमा सामेल हुनु, विकास नियोगहरूसँग सहयोग एकरुपताका लागि छलफल गर्नु, नागरिक समाज तथा निजी क्षेत्रका संस्थाहरूसँग सम्बन्ध सुदृढ तुल्याउनु पनि उहाँको जिम्मेवारीभित्र पर्छ ।

यसअघि श्री हाइटेन्स एडीबीको दक्षिण एसिया विभागमा प्रमुख कृषि अर्थशास्त्री हुनुहुन्थ्यो । उहाँले उक्त पदमा रहेर दक्षिण एसियाली मुलुकहरूमा ग्रामीण विकासका आयोजना तयार पार्ने जिम्मेवारी सम्हाल्नुभएको थियो । यसमा श्रीलंकाको तटीय सामुदायिक विकास आयोजना र भारतको ग्रामीण कर्जा सहकारी सुधार कार्यक्रमसमेत पर्छन् । उहाँले अन्तर्राष्ट्रिय मुद्रा कोषको विभिन्न पदमा रहेर ११ वर्ष काम गर्नुभयो । उहाँ जनवादी गणतन्त्र चीन र इन्डोनेसियाका लागि कोषका आवासीय प्रतिनिधि र कोषको अफ्रिकी विभागका सहायक महाशाखा प्रमुख रहिसक्नुभएको छ ।

श्री हाइटेन्सले स्ट्यानफोर्ड विश्वविद्यालयबाट विकास अर्थशास्त्रमा स्नातकोत्तर तथा विद्यावारिधी गर्नुका साथै शिकागो विश्वविद्यालयबाट अर्थशास्त्रमा स्नातक उपाधि हासिल गर्नुभएको छ । सन् १९८७ मा स्ट्यानफोर्ड विश्वविद्यालयको पोष्ट डक्टोरल अनुसन्धानकर्ताका रुपमा उहाँले इन्डोनेसियाबाट काम सुरु गर्नुभएको हो । एडीबीमा उहाँको प्रवेश सन् १९९० मा भएको थियो । पछि १९९३ मा उहाँ अन्तर्राष्ट्रिय मुद्रा कोषमा आबद्ध हुनुभयो । सन् २००३ मा उहाँ फेरि एडीबीको दक्षिण एसिया विभागमा फर्कनुभयो । ■

# एडीबीको ४० औं वार्षिक बैठक सम्पन्न

एसियाली विकास बैंक (एडीबी) बोर्ड अफ गभर्नर्सको ४० औं वार्षिक बैठक २०६४ वैशाख २४ गते सम्पन्न भयो । एडीबीका अध्यक्ष हारूहिको कुरोदाले एसियाको बदलिंदो परिवेशमा यो संस्था कसरी अघि बढ्नुपर्छ भनी महत्वपूर्ण सुझावहरू प्राप्त भएकोमा बैठकको तारिफ गर्नुभयो ।

'यो बैठक अविश्मरणीय र सफल भएको छ', श्री कुरोदाले बैठकको अन्तिम व्यापार सत्र समापनपछि गभर्नरहरूलाई सम्बोधन गर्दै भन्नुभयो- 'एडीबीका संस्थापकहरूले देखेको सपनालाई मूर्तरुप दिनमा हामी कुन हदसम्म सफल भएका छौं भन्ने कुरा बैठकका विभिन्न कार्यक्रम तथा छलफलहरूले देखाएको छ । आगामी दिनमा हाम्रो अगाडि रहेका चुनौती र अवसरहरू पहिचान गर्न पनि हामी सफल भएका छौं ।'

प्रभावशाली व्यक्तिहरूको समूहद्वारा तयार पारिएको प्रतिवेदनलाई गभर्नरहरूले प्रशंसा गरेको श्री कुरोदाले उल्लेख गर्नुभयो । एसिया तथा प्रशान्त क्षेत्रका चुनौती र त्यसको समाधानका लागि एडीबीको दीर्घकालिन भूमिकाबारे सुझाव दिन गत वर्ष कुरोदाले उक्त स्वतन्त्र समूह गठन गर्नुभएको थियो *(यससम्बन्धी विवरण पृष्ठ ३ मा पनि छ)* ।

'यस प्रतिवेदनमा गरिबी निवारणमा ध्यान दिंदै नयाँ चुनौतीहरू सामना गर्न एडीबीले जोड दिनुपर्ने विषयमाथि छलफल गरिएको छ', उहाँले भन्नुभयो ।

एडीबीले आन्तरिक तथा बाह्य परामर्शद्वारा तयार पारेको सन् २०१५ सम्मको दीर्घकालिन रणनीतिक संरचनाको समीक्षाका लागि उक्त प्रतिवेदनले महत्वपूर्ण योगदान पुऱ्याउने उहाँले बताउनुभयो ।

श्री कुरोदाले प्रदूषणमुक्त र दीगो विकासमा सहयोग गर्न एडीबीका गभर्नरहरूले देखाएको प्रतिबद्धताप्रति सन्तुष्टि व्यक्त गर्नुभयो । 'यस क्षेत्रको आर्थिक वृद्धि दीगो हुनुपर्नेमा गभर्नरहरू सहमत छन्', उहाँले भन्नुभयो, 'यस क्षेत्रको आर्थिक वृद्धिले ग्रिनहाउस ग्यास निष्कासनमा योगदान गर्ने भएकाले यसलाई रोक्न प्रदूषणमुक्त र बढी प्रभावकारी ऊर्जाको प्रयोग तथा वैकल्पिक ऊर्जाका स्रोतहरूमा सहयोग तथा लगानी बढाउनुपर्नेमा पनि उहाँहरूको सहमति रहेको छ ।'

अध्यक्ष कुरोदाले एडीबीको क्षेत्रीय सहयोग तथा एकीकृत रणनीतिका लागि प्राप्त सहयोगको पनि प्रशंसा गर्नुभयो । 'अल्पविकसित मुलुकहरूले विश्व अर्थतन्त्रको लाभ हासिल गर्न सकुन् भनी हामी क्षेत्रीय सहयोग तथा एकताका लागि बढी क्रियाशील भूमिका निर्वाह गर्न प्रतिबद्ध छौं', उहाँले भन्नुभयो ।

जापानको क्योटोमा चारदिन चलेको वार्षिक बैठकमा मन्त्री, लगानीकर्ता, बौद्धिक वर्ग, सञ्चार कर्मी र अन्तर्राष्ट्रिय संस्था तथा नागरिक समाजका प्रतिनिधिसहित २ हजार ५ सयभन्दा बढी सहभागी थिए । एडीबी सदस्य राष्ट्रका गभर्नरहरूले वार्षिक बैठकमार्फत् एडीबीलाई प्रशासनिक, वित्तीय तथा कार्यगत दिशानिर्देश प्रदान गर्छन् ।



**वार्षिक बैठक** एडीबी अध्यक्ष कुरोदा क्योटोमा आयोजित एडीबी बोर्ड अफ गभर्नर्सको ४० औं वार्षिक बैठकको उद्घाटन समारोहलाई सम्बोधन गर्दै ।

बैठकमा तीनवटा व्यापार सत्रका अतिरिक्त सफा ऊर्जा, आर्थिक संकटको १० वर्षपछि एसिया, एसियामा वृद्धहरूको बढ्दो संख्या, संक्रमणकालीन अवस्थामा रहेको विश्व अर्थतन्त्र, क्षेत्रीय सहयोग तथा एकता र शहरीकरणलगायत विषयमा गोष्ठीसमेत सञ्चालन गरिएको थियो ।

एडीबीको ४१ औं वार्षिक बैठक सन् २००८ मे ५-६ मा मेड्रिडमा हुनेछ । ■

# एडीबीको सहायताप्राप्त तीन आयोजनालाई उत्कृष्ट आयोजना व्यवस्थापन अवार्ड

एडीबीको सहायतामा सञ्चालित तीनवटा आयोजनाले नेपाल आवासीय नियोगद्वारा प्रदान गरिने उत्कृष्ट आयोजना व्यवस्थापन पुरस्कार प्राप्त गऱ्यो ।



**उत्कृष्ट कार्य-सम्पादन** एडीबीको सहायताप्राप्त आयोजनाका प्रतिनिधिहरूले नियोगका राष्ट्रिय निर्देशक पल हाइटेन्स (बीचमा) र अर्थसचिव विद्याधर मल्लिक (दायाँबाट दोस्रो) बाट उत्कृष्ट व्यवस्थापन पुरस्कार प्राप्त गरे ।

यही जेठ ११ गते नियोगमा आयोजित समारोहमा अर्थसचिव विद्याधर मल्लिकले विजेता आयोजना समूहका प्रतिनिधिहरू—बाली विविधीकरण आयोजनाका संयोजक टेकबहादुर बम, साना शहरी खानेपानी तथा सरसफाई क्षेत्र आयोजनाका प्रबन्धक हरिप्रसाद शर्मा र सडक सञ्जाल विकास आयोजनाका आयोजना निर्देशक प्रकाश शाहलाई अवार्ड प्रदान गर्नुभएको थियो ।

बाली विविधीकरण आयोजनाले नेपालमा सबभन्दा बढी गरिबी रहेको मध्य-पश्चिम तथा सुदूर-पश्चिम क्षेत्रमा सहायक बाली उत्पादन र बजार व्यवस्थापनलाई प्रबर्द्धन गरेर ग्रामीण जनसंख्याको जीविकोपार्जनमा सुधार ल्याउने उद्देश्य लिएको छ । यसले २ सय ५ पकेट क्षेत्रको २१ हजार १ सय ६ क्षेत्रफलमा विविध बाली खेती गर्न सहयोग गरिरहेको छ ।

साना शहरी खानेपानी तथा सरसफाई क्षेत्र आयोजनाले औसत १८ हजार जनसंख्या भएका २९ साना शहरहरूमा खानेपानी आपूर्ति, ढल निकास तथा सरसफाई सुविधा उपलब्ध गराउन सरकारलाई सहयोग गरिरहेको छ ।

सडक सञ्जाल विकास आयोजनाले पूर्व-पश्चिम राजमार्ग र अन्य रणनीतिक तथा महत्वपूर्ण सडकहरूको निर्माण तथा मर्मतसम्भार गरेर ग्रामीण क्षेत्र र सडक नपुगेका जिल्ला सदरमुकामसम्म पहुँच स्थापित गर्नुका साथै प्रभावकारी राष्ट्रिय सडक सञ्जालको विकासमा मद्दत गर्नेछ ।

'कार्य-सम्पादन र विकास लक्ष्यमा हासिल उपलब्धिका दृष्टिले गत वर्ष बढी उत्पादनमूलक रह्यो', नियोगका राष्ट्रिय निर्देशक पल जे. हाइटेन्सले पुरस्कार समारोहमा भन्नुभयो- 'आयोजना समूहले अपेक्षित प्रतिफल हासिल गर्नमा पुऱ्याएको योगदानको हामी कदर गर्छौं ।' ■

# एडीबी र एसियाको चुनौतीमा नेपालको स्थान

*नेपालका लागि एडीबीका गभर्नर तथा अर्थमन्त्री डा. रामशरण महतले एडीबीको ४० औं वार्षिक बैठकमा गर्नुभएको सम्बोधन तल दिइएको छ :*

एसियाका केही ठूला देशहरूले पछिल्ला वर्ष हासिल गरेको आर्थिक वृद्धि अन्य महादेशका लागि ईर्ष्याको विषय बनेको छ । यो आर्थिक वृद्धि खासगरी आधुनिक क्षेत्र र यथार्थ परक ज्ञानबाट प्राप्त भएकाले स्वस्थ र आर्थिक झट्काहरू सहनसक्ने किसिमको छ । केही वर्षभित्र अत्यधिक जनसंख्या भएका थुप्रै मुलुकहरू चरम गरिबीबाट बाहिर आउन सफल हुनेछन् । तैपनि एसियामा अझै केही यस्ता क्षेत्र छन्, जहाँ गरिबी व्याप्त छ र मान्छेहरू आधुनिक सुविधाविहीन पुरातन अवस्थामा बसोबास गरिरहेका छन् । गरिबी निवारणको यो भयावह चुनौतीलाई सम्बोधन गर्न एडीबीले आफ्ना विकासोन्मुख सदस्य राष्ट्रहरूलाई थप सहुलियतपूर्ण दरमा स्रोत साधन उपलब्ध गराउने क्रम जारी राख्नुपर्छ । यस सन्दर्भमा एडीबीका द्विपक्षीय दाताहरूले एसियाली विकास कोषमा ठूलो परिमाणको सहायताको प्रतिबद्धता व्यक्त गर्नुपर्छ ।

एडीबीले एसियाको विकासका लागि यी दुई किसिमका एकदमै विपरीत अवस्थालाई मध्यनजर राखेर अघि बढ्नुपरेको छ र यो सानो चुनौती होइन । हाम्रो विचारमा अध्यक्ष कुरोदाले एसिया तथा प्रशान्त क्षेत्रको भावी कार्यदिशाका लागि सल्लाह र सुझाव लिन प्रभावशाली व्यक्तिहरूको समूह बनाएर अत्यन्त सही काम गर्नुभएको छ ।

गरिबीविरुद्धको हाम्रो संघर्षमा पूर्वाधारको अवरोधले सबभन्दा ठूलो समस्या सिर्जना गरेको छ । मध्यम आय भएका देशहरूका लागि यो पनि चासोको विषय हुनेछ । पूर्वाधारको अवरोध भन्नाले भौतिक पूर्वाधारमात्र होइन, वित्तीय पूर्वाधार पनि हो । यसैगरी, देशभित्र र देशहरूबीचको बढ्दो असमानताले आर्थिक वृद्धिमा मात्र असर पारेको छैन, दुःख र द्वन्द्वलाई पनि बढावा दिएको छ । यस परिप्रेक्ष्यमा हामी प्रभावशाली व्यक्तिहरूको समूहद्वारा प्रस्तावित तीन परिपूरक रणनीतिक दिशामा सहमत भएका छौं— गरिबी निवारणबाट समावेशी आर्थिक वृद्धिसम्म, आर्थिक वृद्धिदेखि वातावरणीय रुपमा दीगो वृद्धिसम्म र राष्ट्रियदेखि क्षेत्रीय तथा विश्वव्यापी प्राथमिकतासम्म ।

तर, वातावरणीय चासोको विषयलाई अल्पविकसित मुलुकहरूमा पूर्वाधार आयोजनाको कार्यान्वयन अवरुद्ध हुनेगरी वा त्यसको लागत बढ्नेगरी बढाइचढाइ गर्नु हुँदैन भन्नेमा हामी जोड दिन चाहन्छौं। अति पुरातन र दयनीय अवस्थामा बाँचिरहेका व्यक्तिसम्म पुग्न हामीले केही हदसम्म अल्पकालिन वातावरणीय मूल्य चुकाउन तयार हुनुपर्छ ।

अब म आफ्नै देशको कुरा गर्न चाहन्छु। झन्डै एक दशक लामो सशस्त्र द्वन्द्वपछि नेपालमा सुरु भएको शान्ति प्रक्रिया सही दिशामा अघि बढिरहेको छ । अहिलेको समावेशी सरकारले संविधान सभाको निर्वाचन गराएर नयाँ संविधानको मस्यौदा तयार पार्ने अधिकार पाएको छ । शान्ति र भरपर्दो हुँदै गएको राजनीतिक प्रक्रियाका कारण देशमा नयाँ आशाको सञ्चार भएको छ । लगानीकर्ताहरूको विश्वास बढेको देखिन्छ । सही नीति, खुला बजार नीतिको निरन्तरता, उदारीकरण, पूर्वाधारमा बढी लगानी र बाह्य अभिमुखीकरणद्वारा हामी अन्य दक्षिण एसियाली राष्ट्रहरूको आर्थिक वृद्धिसम्म पुग्न सफल हुन्छौं भन्ने लागेको छ ।

मध्यकालिन र दीर्घकालिन उद्देश्यमा ध्यान दिने क्रममा हामीले देशको तात्कालिक आवश्यकता र जनताको चाहनालाई पनि भुलेका छैनौं । प्रत्येक वर्ष रोजगारको बजारमा आउने अस्थिर युवा जनशक्तिलाई काममा लगाउन अहिले देशलाई पर्याप्त नयाँ रोजगारका अवसरहरूको खाँचो छ । यो चुनौती पूरा गर्न हामीले तत्काल पूर्वाधारमा लगानी बढाउनुका साथै कृषिको व्यावसायिकीकरण र निजी क्षेत्रको वृद्धिका लागि अनुकूल वातावरण सिर्जना गर्नुपर्छ । संयुक्त प्रयास, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सहयोग र एकताका माध्यमबाट यो चुनौती पूरा गर्न सफल हुन्छौं भन्नेमा हामी विश्वस्त छौं । ■

# एसियाको गरिबी निवारण गर्न एडीबीमा परिवर्तनको खाँचो छ : प्रतिवेदन

सन् २०२० सम्म एसिया गरिबीमाथि नाटकीय रुपले विजय हासिल गर्न सक्षम हुने र यसका लागि एडीबीले आफ्नो विकास बैंकिङको अवधारणा परिवर्तन गर्नुपर्ने कुरा केही प्रभावशाली व्यक्तिहरूको समूहले तयार पारेको अध्ययन प्रतिवेदनमा औंल्याइएको छ ।

एडीबीका अध्यक्ष हारुहिको कुरोदालाई एसिया तथा प्रशान्त क्षेत्रका चुनौती र एडीबीको दीर्घकालिन कार्यदिशाका सम्बन्धमा सुझाव दिन यो समूह स्वतन्त्र रुपमा गठन गरिएको हो ।

प्रतिवेदनअनुसार यस महादेशका करिब ९० प्रतिशत जनसंख्या 'मध्यमस्तरको आय' भएका देशमा बसोबास गर्नेछन् र यहाँको क्षेत्रीय अर्थतन्त्रले संसारको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) मा ४५ प्रतिशत तथा विश्व व्यापारको ३५ प्रतिशत हिस्सा ओगट्नेछ ।

**प्रतिवेदनले एडीबीलाई यस क्षेत्रमा निरन्तर रुपले विकास सहायता उपलब्ध गराउनुपर्ने संस्थाका रुपमा लिएको छ ।**

प्रतिवेदनले एसियामा विकास बैंकिङको नयाँ अवधारणा अपनाउनुपर्ने सुझाव दिएको छ, जसले परम्परागत अवधारणाभन्दा अघि बढेर बाह्य स्रोत-साधनको हस्तान्तरणमा जोड दिनेछ । प्रतिवेदनले एडीबीलाई यस क्षेत्रमा निरन्तर रुपले विकास सहायता उपलब्ध गराउनुपर्ने संस्थाका रुपमा लिएको छ ।

'एसियाको द्रुततर परिवर्तनमा आफ्नो नयाँ भूमिकालाई राम्ररी निर्वाह गर्नुका साथै यस क्षेत्रको विकास आवश्यकतालाई सम्बोधन गर्न एडीबीले अहिलेदेखि सन् २०२० सम्म आफूमा अपार परिवर्तन ल्याउनुपर्छ र विकास बैंकिङको नयाँ अवधारणा अपनाउनुपर्छ', संयुक्त राष्ट्र संघीय व्यापार तथा विकास सम्मेलनका महासचिव तथा समूहका अध्यक्ष सुपाचाई पानिच्पाकडीले भन्नुभयो ।

प्रतिवेदनले 'नयाँ एडीबी' बढी निर्दिष्ट तथा प्रभावकारी हुनुपर्ने र निम्न तीन रणनीतिक दिशा अपनाउनुपर्ने सुझाव दिएको छ : १) चरम गरिबीविरुद्ध संघर्षदेखि उच्च र बढी समावेशी आर्थिक वृद्धि हासिल गर्न सहयोग गर्नु, २) आर्थिक वृद्धिदेखि वातावरणीय रुपमा दीगो वृद्धि हासिल गर्नु, र ३) प्राथमिक रुपमा राष्ट्रिय कार्यक्रमदेखि क्षेत्रीय र अन्ततः विश्वव्यापी कार्यक्रममा जोड दिनु । ■

# नेपाल आवासीय नियोगका कार्यक्रमहरू

नेपाल आवासीय नियोगले सन् २००७ को दोस्रो त्रैमासिकमा विभिन्न कार्यशाला तथा गोष्ठीहरू आयोजना गर्नुका साथै केही गोष्ठीमा भाग लिएको थियो ।

**२०६३ चैत २०, ग्रामीण पूर्वाधार पुनर्निर्माण तथा पुनर्स्थापना लगानी योजनासम्बन्धी राष्ट्रिय कार्यशाला ।** राष्ट्रिय योजना आयोगले एडीबीको सहयोगमा राजधानीमा आयोजना गरेको उक्त कार्यशालामा उच्चस्तरीय सरकारी अधिकारी तथा विकास साझेदारहरू सहभागी थिए । कार्यशालामा ग्रामीण पूर्वाधार पुनर्निर्माण तथा पुनर्स्थापना लगानी योजना, स्थानीय विकास मन्त्रालयको रणनीतिक कार्य योजना र एडीबीको प्राविधिक सहायतामा तयार भइरहेको ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापना क्षेत्र विकास कार्यक्रमको प्रारम्भिक प्रतिवेदनमाथि छलफल भयो ।

**चैत २६, नेपालको निजामति सेवामा ट्रेड युनियन– निजामति सेवामा तिनको प्रभाव विश्लेषण र भावी भूमिकाको सुझाव ।** नियोगका प्रशिक्षार्थी कर्मचारी अनुप शर्माले आफ्नो प्रस्तुतिमा निजामति सेवाको कार्य-सम्पादनमा ट्रेड युनियनको भूमिका र निजामति सेवा ऐनको ट्रेड युनियनसम्बन्धी प्रावधानमा प्रस्तावित संशोधनले पार्ने प्रभावको विश्लेषण गर्नुभयो । ट्रेड युनियनको योगदान कसरी विस्तार गर्न सकिन्छ भन्नेमा उहाँले सुझावसमेत दिनुभएको थियो ।

**चैत २६, ग्रामीण विकासमा उपभोक्ता समूह प्रयासको प्रभावकारिता ।** एडीबीका प्रशिक्षार्थी कर्मचारी तिलक आचार्यले ग्रामीण विकासमा उपभोक्ता समूह प्रयासको नतिजा र प्रभावको समीक्षा गरी सुझावहरू प्रस्तुत गर्नुभयो । उहाँले उपभोक्ता समूह प्रयासको प्रभावकारिता र सुधारका सम्बन्धमा सरकार, गैर-सरकारी संस्था (गैसस) र अन्तर्राष्ट्रिय गैससको विचार व्यक्त गर्नुभयो ।

**२०६४ जेठ ३, तीन वर्षे अन्तरिम विकास योजनाको तयारीमा सहयोग ।** तीन वर्षे अन्तरिम विकास योजनाको तयारीमा सहयोग गर्न एडीबीको सहायतामा सञ्चालित प्राविधिक सहायता आयोजनाका टोली नेता बालगोपाल वैद्य र उपनेता किशोर झाले सरकारको अन्तरिम विकास योजनामा भएको प्रगति र भावी कार्यहरूका बारेमा नियोगका कर्मचारीहरूलाई जानकारी गराउनुभयो ।

**जेठ ११, सार्वजनिक सुनुवाईको अनुभव ।** स्विस विकास सहयोग नियोगका उप-राष्ट्रिय निर्देशक जिनेभिव फेडरस्पिलले उहाँको संस्थाले ओखलढुंगा, रामेछाप र दोलखामा सार्वजनिक सुनुवाई आयोजना गर्दाको अनुभव सुनाउनुभयो । उहाँले विभिन्न दलहरूको सहभागिताका सन्दर्भमा सार्वजनिक सुनुवाईको संरचनाबारे अवगत गराउँदै स्थानीय स्तरका समुदायसम्म पहुँच स्थापित गर्न सार्वजनिक सुनुवाईको महत्वमा जोड दिनुभयो ।

**असार ४, कानुनी पहिचान र वस्तु, सेवा तथा अवसरसम्मको पहुँचमा रहेको सम्बन्ध विषयक गोष्ठी ।** एडीबीका वरिष्ठ काउन्सेल क्यारोलिन जी. भ्यान्डेनावीले र राष्ट्रिय परामर्शदाता सपना मल्ल प्रधानले कानुनी पहिचान र वस्तु, सेवा तथा अवसर सम्मको पहुँचमा रहेको सम्बन्ध विषयक अध्ययनका उपलब्धिहरू प्रस्तुत गर्नुभयो। सन् २००४ मा एडीबीले बेलायत अन्तर्राष्ट्रिय विकास विभाग र नेदरल्यान्ड सरकारको लगानीमा बंगलादेश, कम्बोडिया र नेपालमा अध्ययन गर्न क्षेत्रीय प्राविधिक सहायता स्वीकृत गरेको थियो ।

उहाँहरूको प्रस्तुति जन्म दर्ता, शिक्षामा पहुँच तथा दाताहरूको सहयोगमा सञ्चालित शैक्षिक आयोजनाबीचको सम्बन्ध, साना लघु-उद्यम सञ्चालन वा सम्पत्ति दर्ता गर्न कानुनी पहिचानको महत्व, औपचारिक क्षेत्रमा रोजगारका लागि जन्म दर्ता वा




**कानुनी पहिचान** परामर्शदाता सपना मल्ल प्रधान (दायाँबाट पहिलो) कानुनी पहिचान र वस्तु, सेवा तथा अवसरसम्मको पहुँचमा रहेको सम्बन्ध विषयक अध्ययनका उपलब्धिहरू सुनाउँदै ।

नागरिकताले पार्ने प्रभाव, असल शासन तथा भ्रष्टाचार विरोधी विधिहरूको प्रबर्द्धनमा जन्म दर्ताको महत्व र नेपालमा व्यक्तिको परिचय खुलाउने कागजपत्रहरूको कालोबजारीमा भइरहेको वृद्धिजस्ता विषयमा केन्द्रित थियो ।

**असार ५, ग्रामीण पूर्वाधार पुनर्निर्माण तथा पुनर्स्थापना लगानी योजनासम्बन्धी राष्ट्रिय कार्यशाला ।** नेपाल आवासीय नियोग र नेपाल सरकारले उच्च सरकारी अधिकारी तथा विकास साझेदारहरूका लागि राष्ट्रिय कार्यशाला आयोजना गऱ्यो । ग्रामीण पूर्वाधार पुनर्निर्माण तथा पुनर्स्थापना लगानी योजना सरकारको तीन वर्षे अन्तरिम योजनाको एक प्रमुख अङ्गका रुपमा रहनेछ । कार्यशालामा उक्त योजना, स्थानीय विकास मन्त्रालयको रणनीतिक कार्य योजना र ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापना क्षेत्र विकास कार्यक्रमको प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरियो । एडीबीको प्राविधिक सहायतामा तयार भइरहेको ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापना क्षेत्र विकास कार्यक्रममा लगानी तथा नीतिगत सुधारहरू रहनेछन् । सन् २००६ नोभेम्बरमा शान्ति सम्झौता हस्ताक्षर भएपछि ग्रामीण पूर्वाधारको पुनर्निर्माण तथा पुनर्स्थापनामा सहयोग गरी विकास गतिविधिलाई सुचारू गर्न यसले लचिलो कर्जा प्रवाह नीति अपनाउनेछ ।

**असार १५, समावेशी नयाँ नेपालको निर्माण : प्राथमिकता तथा नीतिहरू ।** नियोगका वरिष्ठ कार्यक्रम अधिकृत प्रदीप तुलाचनले आफ्नो प्रस्तुतिमा शासकीय सुधारको राजनीतिक इतिहास र नेपालको द्वन्द्व, न्यून आर्थिक वृद्धि र गरिबीका कारणहरूको विश्लेषण गर्नुभयो । देशको सामाजिक सद्भाव, शान्ति र समृद्धिका लागि निर्वाह गर्नुपर्ने भूमिकाको पनि उहाँले चर्चा गर्नुभयो ।

आगामी कार्यक्रमहरूको पूर्ण सूचीका लागि एडीबी, नेपाल आवासीय नियोगको वेबसाइट हेर्नुहोस् : http://www.adb.org/nrm


समाचार

**नेपालबाट**

एसियाली विकास बैंक (एडीबी) को नेपाल आवासीय नियोगले प्रकाशित गर्ने यस त्रैमासिक समाचारपत्रको मुख्य उद्देश्य एडीबी र उससँग आबद्ध समूहहरूबीच सूचना आदानप्रदानलाई विस्तार गराउनु हो । 'समाचार नेपालबाट' ले एडीबीका गतिविधि सम्बन्धी जानकारी दिनुका साथै नेपालमा विकासे मुद्दाबारे छलफल गर्न मञ्च उपलब्ध गराएको छ । यद्यपि यसमा प्रकाशित भएका लेखहरूले एडीबीको अधिकारिक विचार प्रवाह गरेको छ भनी अनिवार्यरूपमा भन्न सकिदैन । हामी पाठकहरूको सुझाव तथा प्रतिक्रियाको स्वागत गर्छौं ।



नेपाल आवासीय नियोग
श्रीकुञ्ज, कमलादी, वार्ड नं.३१
पोष्ट बक्स ५०१७
काठमाडौं, नेपाल ।
फोन : + ९७७ १ ४२२ ७७७९
फ्याक्स: + ९७७ १ ४२२ ५०६३
adbnrm@adb.org
www.abd.org/nm

राष्ट्रिय निर्देशक : पल जे. हाइटेन्स